बैठक नं. ४/(२०८०-२०८१)/

आज मिति २०८० साल कार्तिक २२ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष | |
| ८ | श्री किशोरजंग शाह | का बा वडा अध्यक्ष | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष | |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष | |
| १३ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष | |
| १४ | श्री हिरालाल आचार्य | का.बा.वडा अध्यक्ष | |
| १५ | श्री | वडा अध्यक्ष | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | लिला |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | मोती |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | सिर्जना |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | डोटे |
| २४ | श्री दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | सुधा हमाल | अधिकृत छैठौ | |
| २७ | कृति बहादुर थापा | सहायकस्तर पाचौ | |
| २८ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| २९ | दिप ब. दर्जी | सू.प्र.वि. अधिकृत छैठौं | |
| ३० | प्रकाश बराल | अधिकृत छैठौं | |
| ३१ | केदार बहादुर ओढी | सहायक चौथो | |

निर्णयहरुः

१. मिति २०८०।०७।१७ गते राती ११:४७ बजे गएको भुकम्पमा परी ज्यान गुमाउनु हुने सम्पूर्ण नगरवासि, जिल्लावासि तथा छिमेकी जिल्लावासि मृतकहरु प्रति हार्दिक श्रध्दान्जली अर्पण गर्दै सम्पूर्ण घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना सहित सबै पिडित परिवारहरुमा हार्दिक समवेदना ब्यक्त गर्ने। साथै उध्दार तथा उपचारमा सहयोग गर्ने स्थानीय प्रशासन, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, सबै कर्मचारी तथा उद्धारमा सहभागी नगरवासि नागरिकहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

२. जिल्ला बिपद् ब्यवस्थापन समितिबाट नगरपालिकालाई प्राप्त राहत सामाग्रीहरुको परिमाण सम्बन्धमा कार्यपालिकालाई जानकारी प्राप्त भयो । केही राहत सामग्री नगरपालिकामा नबुझाई सिधै वडा तथा बस्तीस्तरमा बितरण गरिएको जानकारी हुन आएकोले के कति सामग्री को कसले कसलाई बुझाएको हो ? एकीन गरी समष्टीगत रुपमा बिवरण तयार गरी सोको बिवरण र वडा समितिबाट बितरण भएको सबै सामग्री बुझाएको भर्पाई सहित नगरपालिकामा यथाशिघ्र बुझाउने र कुन वडामा के कति कुन प्रकारको राहत आवश्यक रहेको छ ? राहत पाउने कति घर धुरी छुट भएका छन् ? घरभाडामा लिई बसेका ब्यक्तिहरुको समेत संख्या एकिन गरी नामावली सहित वडा समितिबाट निर्णय गरी पठाउन निर्देशन दिने ।

३. हालसम्म पनि भुकम्पका पराकम्पनहरु आउने क्रम जारी रहेको र नगरपालिकाभित्रका करिव सबै घरधुरी चर्केर घरभित्र सुत्न खतरा भई सबै नागरिकहरु घर बाहिर सुत्न बाध्य भएका प्रभावित घरपरिवारमध्ये त्रिपाल नपाएका सबै घरधुरीहरुलाई द्रुत सर्वेक्षण तथ्याङ्क अनुसार हाललाई प्रति घर एक थान त्रिपाल, एक थान ब्लाङ्केट, एक थान पिफर्म वा म्याट प्राथमिकताका आधारमा उपलब्ध गराउने र अति प्रभावित वडाहरु १ र ३ बाहेक आफ्नो आयश्रोतले खानपिनमा समस्या भएका अति विपन्न, एकल तथा सुत्केरी महिला, दलित घर परिवारलाई पहिचान गरी वडा समितिले सिफारिस गरे बमोजिम खाध्य (दाल, चामल, तेल लगायतका) सामग्री उपलब्ध गराउने । साथै अन्य थप राहत सामागी उपलब्ध भएको हकमा आवश्यकताको आधारमा राहत वितरण गर्ने ।

४. भुकम्प पश्चात द्रुत संकलन गरिएको सूचना अनुसार कुल प्रभावित घरधुरी संख्या ८३५१ रहेकोमा प्रभावित घरपरिवारमा बितरणका लागि बिभिन्न सहयोगी निकायहरुबाट प्राप्त राहत सामाग्री अपुग भएको र प्राप्त तथ्यांक अनुसार आम नागरिकहरु घर बाहिर सुत्नु पर्ने अवस्था रहेकोले प्रभावितहरुको माग एवं आवश्यकता अनुसार चिसो र शितबाट बच्नको लागि त्रिपाल आवश्यक परेकोले हाललाई नगर विपद् ब्यवस्थापन कोषबाट भुक्तानी लेख्ने गरी ३००० ( तीन हजार) थान त्रिपाल तत्काल खरिद गरी प्रभावितहरुलाई बितरण गर्ने कार्यालयलाई निर्देशन दिने ।

५. भुकम्पको कारण सरकारी भवन समेत क्षतिग्रष्त भइ दैनिक सेवा प्रवाह समेत अवरुध्द भएकोले तत्काल सेवा सुचारु गर्न आवश्यक ब्यवस्थाका लागि प्रदेश तथा नेपाल सरकारलाई अनुरोध गर्ने ।

६. भुकम्प प्रभावितहरुको उद्धार, उपचार तथा राहत वितरणमा खटिने जनप्रतिनिधि, कर्मचारीहरु तथा परिचालित अन्य जनशक्तिहरुलाई खाना तथा खाजा खुवाउनु पर्ने र आउदै गरेको तिहार बिदाका समयमा कर्मचारीहरुले काम गर्नुपर्ने भएकोले उक्त अवधिमा खटिने कर्मचारीहरुलाई नियमानुसार अतिरिक्त सुविधा, खाना खाजा वापतको रकम समेत विपद् ब्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

७. भुकम्पिय विपद्को समयमा उद्धार गर्ने सिलसिलामा अवरुध्द बाटो खुलाउन प्रयोग भएको डोजर तथा जेसिवि, उपचारको लागि घाईतेहरुको ओसार पसारमा प्रयोग गरिएका सवारी साधन निजी गाडीको भाडा, एम्बुलेन्स, अन्य सरकारी गाडीहरु, सव व्यवस्थापनमा प्रयोग भएका सव वाहन तथा ट्र्याक्टरहरुको तेल एवं भाडा र नगरपालिकाबाट प्रभावित बिभिन्न वडा तथा बस्तीस्तरसम्म राहत सामग्री ओसार पसारका लागि प्रयोग भएका साधनहरुको तेल तथा ढुवानी भाडा विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

CamScanner